# उच्च अदालत

सुर्खेत

## उच्च अदालत सुर्खेतबाट जारी गरिएको सेवा प्रवाह विस्तार सम्बन्धी सूचना

**मिति:-२०७८/०३/११**

प्रस्तुत विषयमा विश्वव्यापी महामारीको रुपमा फैलिरहेको नयाँ भ्यारिएन्ट सहितको कोभिड-१९ को संक्रमण हालका दिनमा सुर्खेत जिल्लामा तिब्र रुपमा बढिरहेको अवस्थालाई दृष्टिगत गरी संक्रमण फैलावटलाई रोकथाम र नियन्त्रण गर्न जिल्ला प्रशासन कार्यालय सुर्खेतबाट मिति २०७८/०१/१४ गते राती १२.०० बजेदेखि लागु हुने निषेधाज्ञा जारी भएको र पटक-पटक निषेधाज्ञा अवधि थप भई पछिल्लो पटक मिति २०७८/०३/१७ गते राती १२.०० बजे सम्मका लागि सुर्खेत जिल्ला भर निषेधाज्ञा जारी गरिएको र निषेधाज्ञाका कारण लामो समय सम्म यस अदालतको कामकारबाहीहरु पूर्ण रुपमा प्रभावित हुन गएकोले आगामी दिनमा स्वास्थ्य सुरक्षा सम्बन्धी मापदण्डको पूर्ण पालना गरी देहाय बमोजिमका सेवाहरु सुचारु हुने व्यहोरा मिति २०७८/०३/११ गते बसेको बार तथा बेन्चको बैठकको निर्णयानुसार सर्वसाधारण लगायत सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

२०७८/३/११
उप-रजिष्ट्रार

**देहाय:-**

१. अदालतबाट प्रवाह हुने अत्यावश्यक सेवाहरु बन्दीप्रत्यक्षीकरण, कोभिड-१९ सँग सम्बन्धित रिट निवेदन, पक्राउ पूर्जी जारी, जरुरी पक्राउ पूर्जी समर्थन, अभियोग पत्र दर्ता, बयान र थुनछेक आदेश, म्याद थप सम्बन्धी सेवाहरु निषेधाज्ञा अवधिभरमा समेत नियमित गर्ने ।

२.पुनरावेदन दर्ता सम्बन्धी कार्य सुचारु गर्ने ।

३.कुनै संस्था वा निकायलाई विपक्षी बनाई दायर हुन आउने रिट तथा निषेधाज्ञा निवेदनहरुको दर्ता र एकल इजलासबाट हुने सुनुवाई कार्य सुचारु गर्ने ।

४.पुर्पक्षका लागि थुनामा रहेका मुद्दाहरुमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७३ नं तथा मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा १५७ नं बमोजिमका निवेदन दर्ता र सुनुवाई गर्ने कार्य सुचारु गर्ने ।

५.नेपाल सरकार पुनरावेदक रहेका प्रत्यर्थी झिकाउने आदेश नभएको मुद्दामा सुनुवाई गर्ने कार्य सुचारु गर्ने ।

६.मुलुकी फौजदारी कार्यविधि संहिता २०७४ को दफा १५५ नं बमोजिम पर्ने निवेदनहरुको दर्ता र सुनुवाई कार्य सुचारु गर्ने ।

फोन नं. ०८३-५२०७६२,०८३-५२०२५८, फ्याक्स नं. ०८३-५२०७६२ Email: info.hcsurkhet@supremecourt.gov.np

# उच्च अदालत

## सुर्खेत


७.मुद्दा, पुनरावेदन तथा रिट निवेदन फिर्ता एवं प्रचलित कानून बमोजिम मिलापत्र हुनसक्ने मुद्दाको मिलापत्र सम्बन्धी कामकारवाही नियमित गर्ने।

८.थुनुवाका पुनरावेदनहरु र ति पुनरावेदन सँग सम्बन्धित लगाउ मुद्दाको सुनुवाइ गर्ने कार्य सुचारु गर्ने।

९.मुद्दाका दुवै पक्ष उपस्थित भई आफ्नो मुद्दा सुनुवाई होस भनी निवेदन दिएमा त्यस्ता मुद्दाको सुनावाई गर्ने।

१०.यस अदालतबाट प्रवाह हुने सबै प्रकारका सेवा प्राप्त गर्न अदालतमा आउने सबै सरोकारवालाहरुले स्वास्थ्य सावधानीका आवश्यक मापदण्डहरुको पुर्ण पालना गर्नुपर्ने।

उप-रजिष्ट्रार


फोन नं. ०८३-५२०७६२,०८३-५२०२५८, फ्याक्स नं. ०८३-५२०७६२ Email: info.hcsurkhet@supremecourt.gov.np